# पूर्वीचौकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सानागाउँ, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०८२।८३
च.नं.:

**सुचना!** **सुचना!!** **सुचना!!!**

सुचना प्रशाशित मितिः २०८३।०३।२६

**सामाजिक सुरक्षा भत्ता नविकरण सम्वन्धी अत्यन्त जरुरी सुचना**

प्रस्तुत विषयमा "सामाजिक सुरक्षा नियमावली २०७६" को नियम (९) को उपनियम (१) अनुसार श्रावण १ गतेदेखि असोज मसान्तभित्र नविकरणका लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति स्वयं आफै उपस्थित भई सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था भएको जानकारी गरिन्छ ।

तसर्थ पुर्वीचौकी गाउँपालिका अन्तर्गतका सवै वडाहरुवाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पुर्ण लाभग्राहीहरुले आ-आफ्नो स्थायी ठेगानामा रहेको वडा कार्यालयमा गई २०८३ श्रावण १ देखि असोज मसान्त भित्र स्वयंम व्यक्तिले **बायोमेट्रिक सहित र पूर्ण अपाङ्गता, ९० वर्ष माथिका ज्येष्ठ नागरिक तथा बालबालिकाको** हकमा माथवर वा संरक्षक उपस्थित भई आवश्यक कागजातहरु सहित सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न हुन सम्पुर्ण लाभग्राही तथा सरोकारवालाहरुमा जानकारी गराईन्छ ।

## आवश्यक कागजातहरु

| सि न | लक्षित वर्ग | आवश्यक कागजातहरु |
|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य र दलित | ❖ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि,<br>❖ राष्ट्रिय परिचय पत्र तथा परिचयपत्रको आवेदनका लागि रुजु फाराम,<br>❖ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>❖ नविकरणका लागि निवेदन(अनुसुची ४)<br>❖ हाल सालै खिचिएको पासपोर्ट साईजको एक प्रति फोटो,<br>❖ पूर्ण अपाङ्ग र ९० वर्ष माथिको हकमा संरक्षक वा माथवरको ना. प्र.को प्रतिलिपि,<br>❖ भत्ता प्राप्त गरिरहेको लाभग्राहीको वैकंको खाता नम्वर र नाम देखिने गरि चेकको १प्रति प्रतिलिपि । |
| २ | जेष्ठ एकल महिला र विधवा | ❖ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि,<br>❖ राष्ट्रिय परिचय पत्र तथा परिचयपत्रको आवेदनका लागि रुजु फाराम,<br>❖ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>❖ हाल सालै खिचिएको पासपोर्ट साईजको एक प्रति फोटो, |

Website:www.purbichaukimun.gov.npp,Email Address: ito.purbichaukimungmail.commail.com
Phone No. : 9843740414, 9851338111,9851358666

Scanned with CamScanner

# पूर्वीचौकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

साँनागाउँ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०८२।८३
च.नं.:

| | | |
|---|---|---|
| | | ❖ पूर्ण अपाङ्ग र ९० वर्ष माथिको हकमा संरक्षक वा माथवरको ना. प्र.को प्रतिलिपि,<br>❖ नविकरणका लागि निवेदन(अनुसुची ४)<br>❖ भत्ता प्राप्त गरिरहेको लाभग्राहीको वैकंको खाता नम्वर र नाम देखिने गरि चेकको १ प्रतिलिपि,<br>❖ श्रीमानको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि,<br>❖ विवाह नगरि बसेको प्रमाण पत्र वा सिफारिस। |
| ३ | क वर्ग र ख वर्गका अपाङ्ग | ❖ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि,<br>❖ राष्ट्रिय परिचय पत्र तथा परिचयपत्रको आवेदनका लागि रुजु फाराम,<br>❖ नागरिकता/ जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>❖ हाल सालै खिचिएको पासपोर्ट साईजको एक प्रति फोटो,<br>❖ नविकरणका लागि निवेदन(अनुसुची ४)/ अपाङ्गता परिचय पत्रको प्रतिलिपि,<br>❖ भत्ता प्राप्त गरिरहेको लाभग्राहीको वैकंको खाता नम्वर र नाम देखिने गरि चेकको १ प्रतिलिपि,<br>❖ पुर्ण अपाङ्गको हकमा माथवर वा संरक्षकको ना प्र को प्रतिलिपि। |
| ४ | क्षेत्र तोकिएका र दलित वालवालिका | ❖ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि,<br>❖ बालवालिकाको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>❖ हाल सालै खिचिएको पासपोर्ट साईजको एक प्रति फोटो,<br>❖ नविकरणको लागि निवेदन,<br>❖ भत्ता प्राप्त गरिरहेको लाभग्राहीको वैकंको खाता नम्वर र नाम देखिने गरि चेकको १ प्रतिलिपि,<br>❖ संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । |

**नोटः तोकिएको समयमा सामाजिक सुरक्षा भत्ता नवीकरण नगरे सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन ।**

२०८२।३।२५

देवी प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

देवी प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

Website:wwwpurbichaukimun.gov.npp,Email Address: ito.purbichaukimungmail.commail.com
Phone No. : 9843740414, 9851338111,9851358666

Scanned with CamScanner